# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री रत्नलाल श्रेष्ठ

बाट भएको निर्णय

मुद्दा नं. : ०८२-०१-००१

निर्णय नं. ०७

दायरी मिति : २०८२/०४/०५

निर्णय मिति : २०८२/०९/१६

| | |
|---|---|
| लोकबन्धु अर्यालकी बुहारी भुपेन्द्र अर्यालकी श्रीमती स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. ११ घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ८ बस्ने वर्ष ४१ की गिता अर्याल (पौडेल) ....................................................१ | उजुरीकर्ता<br>वादी |

**विरुद्ध**

| | |
|---|---|
| लोकहरि पौडेलको नाति आनन्द मणि पौडेलको छोरा बरा जिल्ला, जितपुर सिमरा उपमहानगरपालिका वडा नं. १७ भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ८ बस्ने वर्ष ४६ को पितम्बर पौडेल ..........................................................१ | विपक्षी<br>प्रतिवादी |

**मुद्दा : सेफ्टी ट्याङ्की हटाई पाउँ ।**

**वादीको साक्षी :**

क) चन्द्रागिरि नगरपालिका वडा नं. ८ बस्ने वर्ष ४० की खिमा भुसाल .......................................१

ख) ऐ.ऐ. बस्ने वर्ष ४७ को मुकुन्द अधिकारी .......१

**प्रमाण:**

क) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी .....१

ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी ..............१

ग) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ..............१

घ) सम्मत्ति/मालपोत तथा भूमिकर रसिदको प्रतिलिपी ..............................................१

**प्रतिवादीको साक्षी :**

क) चन्द्रागिरि नगरपालिका वडा नं. ८ बस्ने अं. वर्ष ४९ को पार्वती सुवेदी ...........................................१

ख) ऐ.ऐ. बस्ने वर्ष ३२ की सुनिता श्रेष्ठ .......................१

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्र र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी ..........................................२

ख) भवन निर्माण अस्थायी प्रमाण पत्रको प्रतिलिपी ......१

ग) करारनामा सम्झौताको प्रतिलिपी .........................२

घ) नगदी रसिदको प्रतिलिपी ....................................१

ङ) नापी नक्सा तथा भवन निर्माण सम्पन्न प्रमाण-पत्रको प्रतिलिपी ...................................२

ङ) भवन निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपी ........१

च) सम्मत्ति/मालपोत तथा भूमिकर रसिदको प्रतिलिपी..१

छ) भवन निर्माण स्वीकृत नक्साको प्रतिलिपी ............१

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

विपक्षी पिताम्बर पौडेलले घर बनाउने क्रममा नक्सा पास गर्दा निजको घर पछाडि मेरो घरतर्फ रिजर्भ ट्याङ्कीलाई सेफ्टी ट्याङ्की बनाई नगरपालिकाको प्राविधिक समेतलाई झुक्याई वनाएको उक्त ट्याङ्की कानुन विपरित मेरो घर पर्खालसँग जोडेर बनाएको हुँदा काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ८ को कि.नं. ८५६ र ८६० को कित्तामा बनेको सफ्टी ट्याङ्कीको दुर्गन्धले मेरो कि.नं. ८५९ र ८६१ मा बनेको घरमा असर परेकोले सेफ्टी ट्याङ्कीको दुर्गन्ध आएको अवस्थामा मुलुकी देवानी संहिता परिच्छेद-३ को दफा २८२ सम्पत्तिको उपभोग सम्वन्धी व्यवस्थामा संधियारको जग्गासँग जोडेर सेफ्टी ट्याङ्की बनाउन नहुने, उपदफा (१) मा कसैले पनि सँधियारको जग्गासँग सेफ्टी ट्याङ्की बनाउन पाउने छैन भन्ने व्यवस्था रहेको र उपदफा (२) मा कसैले आफ्नो जग्गामा सेफ्टी ट्याङ्की बनाउनु परेमा सँधियारको जग्गातर्फ सँधियारको स्वीकृति भएमा बाहेक कम्तिमा सम्बन्धित निकायले तोकेको मापदण्ड बमोजिमको जग्गा छोड्नु पर्नेछ भन्ने व्यवस्था प्रष्ट हुँदाहुँदै मिचाहा प्रवृत्तिले मलाई प्रत्यक्ष नराम्रो असर पारेकोले नेपालको ऐन, कानुन विपरित समेत हुनेहुँदा याथाशिघ्र विपक्षीलाई बोलाई छलफल गराई उक्त सेफ्टी ट्याङ्की यथास्थानवाट हटाई न्याय पाउँ भनि वादी गिता अर्याल (पौडेल) को उजुरी माग दावी रहेको छ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

मैले चारैतिर घर भएको बीचमा रहेको खाली जग्गा यममाया श्रीसवाट खरिद गरी नक्सापास गरी २०७७/११/११ गते अस्थायी घर निर्माण इजाजत लिई जग्गाको पश्चिमतर्फ विपक्षीको घरजग्गा दाता पार्वती सुवेदीले पहिले नै सेफ्टी ट्याङ्की वनाएको स्थानमा जोडेर मैले इनार बनाउन नमिल्ने भएकोले घरको पिल्लर राख्दा समेत भासिन सक्ने अवस्थाले घर बनाउने ठेकदार र छिमेकीवाट कुरा आएपछि छिमेकी पार्वती सुवेदीको सल्लाह, सुझाव र सहमति अनुसार सम्झौता गरी निजको सेफ्टी ट्याङ्की तर्फ नै मैले आफ्नो सेफ्टी ट्याङ्की र घर निर्माण पूरा गरी निर्माण सम्पन्न समेत लिई बसोबास गर्दै आईरहेकोमा विपक्षीले पार्वती सुवेदीवाट पुरानो घरजग्गा खरिद गरी सो घरलाई भत्काई पुनः अर्को नयाँ घर बनाउँदा मेरो सेफ्टी ट्याङ्कीसँग जोडी घरको पिल्लर हाल्ने क्रममा माटो खन्दा कुनै दुर्गन्ध नभएको अवस्था थियो भने मेरो घरजग्गाको तुलनामा विपक्षीको जग्गा करिब २.५ फिट जति अग्लो रहेको हुँदा मेरो सेफ्टी ट्याङ्कीबाट पानी रसाई विपक्षीको घर जग्गामा जाने बग्ने अवस्था समेत नभएकोले बसोबास गर्दै आएको करिव ३ वर्ष पछि मात्र विवाद गरी

खिचोला गरेकोले मुलुकी देवानी संहिता, २०७४ को दफा २८२ को (२) मा कसैले आफ्नो जग्गामा सेफ्ट ट्याङ्की बनाउनु परेमा सँधियारको जग्गातर्फ सँधियारको स्वीकृति भएकोमा बाहेक कम्तिमा सम्बन्धित निकायले तोकेको मापदण्ड बमोजिमको जग्गा छोड्नुपर्ने छ भन्ने व्यवस्था अनुसार तत्कालीन सँधियार पार्वती सुवेदीसँग लिखित रुपमा मिति २०७७/११/१६ मा सम्झौता गरी स्विकृती लिई निर्माण सम्पन्न लिई बसोबास गर्दौ आईरहेकामा विपक्षीले पार्वती सुवेदीबाट खरिद गरेको घरजग्गा लामो समयपछि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (४) बमोजिमको हदम्याद भित्र उजुरी गर्नुपर्ने अनिवार्य कानुनी व्यवस्थालाई विपक्षीले पार्वती सुवेदीबाट किता नं. ८५९ र ८६१ को घरजग्गा खेरिद गर्नुअघि नै सबै कुराको जानकारी लिई २०७८ साल पुष महिनामा घरजग्गा खरिद गरी करिब ३५/४० दिनको अवधिमा विपक्षीले सो घरमा बसोबास गरी भोगचलन गर्दै आएको लामो समयपछि हाल आएर मलाई दुःख हैरान दिने मनसायले यस न्यायिक समितिमा गरेको उजुरी उल्लेखित कानुनको हदम्याद भित्र नरहेको हुँदा चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा २७ (२) अनुसार प्रारम्भिक सुनुवाईबाट विपक्षीको उजुरी खारेज गरि पाउँ भन्ने व्यहोराको प्रतिवादी पितम्बर पौडेलको प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

वादी गिता अर्याल (पौडेल)ले नेपाली नागरिकताको प्रमाण-पत्र, जग्गाधनी प्रमाण पूर्जा, भवन निर्माण सम्पन्न प्रमाण-पत्र र नापी नक्साको प्रतिलिपी मिसिल संलग्न प्रमाणबाट देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

प्रतिवादी पिताम्बर पौडेलले नेपाली नागरिकताको प्रमाण-पत्र, जग्गाधनी प्रमाण पूर्जा, भवन निर्माण अस्थायी ईजाजत पत्र, मिति २०७७/११/१६ मा भएको करारनामा सम्झौता, भवन निर्माण सम्पन्न प्रमाण-पत्र र भवन निर्माण स्वीकृत नक्सा राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले प्रतिवादीको सेफ्टी ट्याङ्की निर्माण गर्दा मलाई असार गरेको हुँदा मेरो जग्गामा जोडीएर निर्माण भएको सेफ्टी ट्याङ्की हटाई पाउँ भनि राख्नु भएको कुरा सुनियो ।

प्रतिवादीले मैले मिति २०७७/११/१६ मा साविक जग्गाधनी सँधियार पार्वती सुवेदीको सल्लाह, सुझाब र सहमति अनुसार निजसँग करारनामा सम्झौता गरी निजको सेफ्टी ट्याङ्की तर्फ नै मैले आफ्नो सेफ्टी ट्याङ्की र अफ्नो नाउँमा रहेको काठमाडौं जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं. १/ख को कि.नं. ८५६ र ८६० को जग्गामा नगरपालिकाको नियमानुसार घर निर्माण गरी निर्माण सम्पन्न समेत लिई बसोबास गर्दै आईरहेको लामो समय पछि विपक्षीले खिचोला गरी कानुनले तोकेको हदम्याद भित्र नरहेको उजुरी-पत्र खारेज गरी न्याय पाउँ भनि राख्नु कुरा सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

सेफ्ट ट्याङ्की हटाई दिनुपर्ने हो होइन भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

**निर्णय खण्ड:**

नियम बमोजिम दैनिक पेशी सूचीमा चढि इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणहरु समेत अध्ययन गरी वादी दावी बमोजिम सेफ्टी ट्याङ्की हटाई दिनुपर्ने हो होईन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा विपक्षीको काठमाडौं जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं. १/ख को कि.नं. ८५६ र ८६० को कित्तामा रहेको सफ्टी ट्याङ्कीको दुर्गन्धले मेरो कि.नं. ८५९ र ८६१ मा बनेको मेरो घरमा प्रत्यक्ष असर परेकोले मुलुकी देवानी संहिता परिच्छेद-३ को दफा २८२ उपदफा (१) र (२) व्यवस्था बमोजिम उक्त सेफ्टी ट्याङ्की यथास्थानबाट हटाई न्याय पाउँ भनि वादी गिता अर्याल (पौडेल) को उजुरी माग दावी रहेकोमा मैले यममाया श्रीसबाट जग्गा खरिद गरी नक्सापास गरी २०७७/११/११ गते अस्थायी घर निर्माण इजाजत लिई पश्चिमतर्फको सँधियार पार्वती सुवेदीको सेफ्टी ट्याङ्कीमा जोडेर निजसँग मिति २०७७/११/१६ मा मैले सहमति अनुसार करारनामा सम्झौता गरी निजको सेफ्टी ट्याङ्की तर्फ नै मैले आफ्नो सेफ्टी ट्याङ्की र घर निर्माणको निर्माण सम्मन्न समेत लिईको अबस्थामा मेरो भन्दा विपक्षीको जग्गा करिब २.५ फिट जति अग्लो स्थानमा रहेको सेफ्टी ट्याङ्कीबाट पानी रसाई विपक्षीको घर जग्गामा जानेबग्ने अवस्था समेत नभएकोले बसोवास गर्दै आएको लामो समय करिब ३ वर्ष पछि विपक्षीले पार्वती सुवेदीसँग निजको पुरानो घरजग्गा मिति २०७८ साल पुस महिनामा खरिद गर्नुअघि नै सबै कुराको जानकारी लिई उक्त घरजग्गा खरिद गरी सो पुरानो घरलाई भत्काई पुन: अर्को नयाँ घर निर्माण भईसकेपछि खिचोला गरेकोले मुलुकी देवानी संहिता, २०७४ दफा २८२ (२), स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ (४) बमोजिमको हदम्याद भित्र नरहेको हुँदा चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७५ को दफा २७ (२) अनुसार प्रारम्भिक सुनुवाईबाट विपक्षीको उजुरी खारेज गरि पाउँ भन्ने व्यहोराको प्रतिवादी पितम्बर पौडेलको प्रतिउत्तर जिकिर रहेको छ ।

वादीको नाउँमा रहेको काठमाडौं जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं. १/ख को कि.नं. ८५९ र ८६१ को साविक जग्गाधनी पार्वती सुवेदीसँग प्रतिवादी पिताम्वर पौडेलले एक आपसमा सल्लाह, सुझाब र सहमति अनुसारको मिति २०७७/११/१६ गते दुवै जग्गाधनी सँधियार बीच करारनामा सम्झौताको उल्लेखित सर्त बमोजिम पार्वती सुवेदीको पश्चिमतर्फ रहेको सेफ्टी ट्याङ्कीमा जोडेर प्रतिवादीले आफ्नो भवन निर्माण र सेफ्टी ट्याङ्की समेत निर्माण गरी भवन निर्माण सम्पन्न प्रमाण-पत्र समेत लिई सकेको अवस्थामा वादीको सहमती वेगर सेफ्टी ट्याङ्की बनाएको हो भनि अनुमान गर्न मिलेन । त्यसैगरी मुलुकी देवानी संहिता, २०७४ को दफा ३७० बमोजिम साविकको जग्गाधनीसँग मिति २०७७/११/१६ मा भएको करारनामा सम्झौता बमोजिमको सुविधाभार कायमै रहेको हुँदा वादी दावी बमोजिमको प्रतिवादी पिताम्वर पौडेलले सम्झौता अनुसारको सहमतिमा बनाएको सेफ्टी ट्याङ्की भत्काउनुपर्ने कानुनी आधार देखिएन । तथापी प्रतिवादीले निर्माण गरी प्रयोगमा रहेको सेफ्टी ट्याङ्कीबाट वादीलाई रसायन सहितको दुर्गन्ध आएमा र छरछिमेकीलाई असर परेमा दुर्गन्ध फैलिन नदिन र छरछिमेकीलाई असरपर्न नदिन समय समयमा मर्मत संभार गरी सेफ्टी ट्याङ्कीलाई दुरुस्त राख्न प्रतिवादीलाई सचेत गराउनु पर्ने देखियो । सेफ्टी ट्याङ्की भत्काई पाउँ भन्ने वादीको उजुरी दावी पुग्न सक्दैन ।

नक्सापास विपरित निर्माण भएको भन्ने विषयमा न्यायिक समितिले क्षेत्राधिकार ग्रहण गर्न मिल्ने नदेखिएकोले नक्सा पास सम्बन्धमा साधिकार अधिकारीबाट निर्णय हुने नै भएकोले अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड :**

(क) माथि निर्णय खण्डमा लेखिए बमोजिम वादीको उजुरी दावी पुग्न नसक्ने भएकोले वादीलाई यस समितिबाट भएको निर्णयमा चित्त नबुझे श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जाने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम ३५ दिने पुनरावेदनको म्याद दिनु ........................................................................................ १

(ख) सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई रित पुऱ्याई नक्कल दिनु ........२

(ग) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी निर्णयको विद्युतीयप्रति नगरपालिकाको वेवसाइट प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ..................................३

रत्नलाल श्रेष्ठ
सदस्य

वसन्ती श्रेष्ठ
संयोजक

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८२ साल पुष महिना १६ गते रोज ०४ शुभम् ....................................